# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।१० गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी विष्णु बहादुर शाहीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला हुम्ला, चंखेली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णु बहादुर शाही समेतका प्रतिवादीहरु उपर आ.ब. २०७४/०७५ मा जिल्ला हुम्ला, चंखेली गाउँपालिका, वडा नं. ३ स्थित सुकिचौर हुँदै चिमाङसम्मको बाटो निर्माण कार्यको लागि सम्झौता भई निर्माण कार्य गर्दा वास्तविक भएको कार्य भन्दा नापी किताब, बिल तथा कार्य सम्पन्न प्रतिवेदनमा बढी उल्लेख गरी झुट्टा बील भरपाईको आधारमा बढी भुक्तानी दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा १९ को उपदफा (२) बमोजिमको कसुर सोही ऐनको दफा ८ को उपदफा (१) तथा दफा दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना तथा विगो रु.२,२२,५०३।१७ असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।०५।१९ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०८।१० गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल